जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक १८ २०८३ साल साउन २१ गते बिहीबार (6 Aug 2026 Thursday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'हेलो सरकार'मा एक वर्षमा.. ३ पृष्ठमा : नवजात शिशु र गर्भवतीका... ३ पृष्ठमा : युक्रेनमा रूसी आक्रमण १५...

# चुनावी मिति तय भएसँगै उद्योगी व्यवसायीमा चुनावी सरगर्मी बढ्यो

**दैनिक समाचारदाता**
**राजविराज, २० साउन ।**

सप्तरी उद्योग वाणिज्य संघको असोज ३ गते १२ औं साधारण सभा हुँदैछ । चुनावी साधारणसभा समेत भएको तथा अगामी तीन बर्षे कार्यकालका लागि नयाँ नेतृत्वको चयन समेत गर्ने भएकाले उद्योगी व्यवसायीमा चुनावी सरगर्मी बढेको छ ।

साधारणसभामा निर्वाचनको मिति तय भएसँगै भदौ १५ गतेभित्र सम्पूर्ण सदस्यहरुलाई आ-आफ्नो सदस्यता नविकरण गराउन र चुनावी साधारणसभामा सहभागी हुन संघले एक सूचना मार्फत आह्वान गरेको छ ।

संघका अध्यक्ष लालुप्रसाद अग्रवालले अध्यक्षसहित १९ पदका लागि हुने निर्वाचनको आवश्यक सम्पूर्ण तयारी सुरु गरिएको जानकारी दिएका छन् । उनले उद्योगी व्यवसायीहरुको चाहना अनुसार साधारणसभा जिल्लाको बोदेवरसाईन नगरपालिकामा तथा चुनाव सदरमुकाम राजविराजमा गर्ने निर्णय गरिएको जानकारी समेत दिए ।

वर्तमान अध्यक्ष अग्रवालले आफू पुनः चुनाव लड्ने/नलड्ने विषयमा निर्णय गरी नसकेको बताउँछन् । यद्यपी उद्योगी व्यवसायीले चाहे भने पुनः उम्मेदवारी दिन सकिने उनको भनाई छ ।

उनले आफ्नो कार्यकालमा उद्योगी




व्यवसायीको हकहितका लागि धेरै आधारहरु खडा गरिएको दावी पनि गरे । उद्योगी व्यवसायीलाई समस्या परेका बेला २४ सै घण्टा उपलब्ध रहने गरेको तथा यसका अतिरिक्त उद्योगी व्यवसायीलाई विभिन्न कर, पसल, प्रतिष्ठान, उद्योग, नविकरण, उत्पादन र स्वच्छता तथा गुणस्तर लगायतका विषयमा दक्ष बनाउन विज्ञहरु मार्फत जिल्लाका प्रमुख बजारमा प्रशिक्षण नै चलाएको उनो भनाई छ ।

उनले यस्ता प्रशिक्षण चलाउँदा यहाँका उद्योगी व्यवसायीहरु धेरै जानकार भएको र धेरै हदसम्म अनावश्यक कानुनी झमेला तथा दुख पाउनबाट मुक्ति पाएको बताए । उनले कहिले कोरोना त कहिले विभिन्न आन्दोलनका कारण समस्यामा परेका उद्योग व्यवसाय सरकारको बोझिलो करनीति तथा बैंक र वित्तिय संस्थाको मनपरी व्याजका कारण पनि थप समस्यामा परेको सुनाए ।

ऋण दिदा बैकले सुरुमा तोक्ने व्याज र त्यसपछि विभिन्न बहानामा व्याज बृद्धि गर्दै लैजाने, व्याज असुलीका लागि आर्थिक, सामाजिक तथा मानसिक तनाव दिने, विद्युत महसुलमा २५ प्रतिशत जरीवाना असुल्ने, भन्सार महसूल वृद्धि गर्ने, नेपाल राष्ट्र बैंकले सी आर सी प्रक्रियाको पुनरावलोकन नगर्ने र लचिलो नबनाउने लगायतका कारणले पनि यहाँको व्यापार व्यवसाय चौपट्ट बनेको उनको भनाई छ । यही मुद्दाहरु नै उम्मेदवारहरुको प्रमुख एजेन्डा बनेको स्थानीय उद्योगी व्यवसायीहरुको भनाई छ ।

यता चुनावी

*बाँकी अन्तिम पृष्ठमा*

# पोखरीमा डुबेर भारतीय दर्शनार्थीको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २० साउन ।**

जनकपुरधामस्थित जानकी मन्दिरको छेउमा रहेको तेल्हा पोखरीमा डुबेर एक भारतीय दर्शनार्थीको मृत्यु भएको छ ।

साथीहरूसँग जानकी मन्दिर दर्शन गर्न आएका भारतको विहार राज्यको हाजीपुर निवासी २० वर्षीय आदर्शकुमार झाले मंगलबार राती अचानक पोखरीमा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिए ।

पोखरीमा हामफालेपछि स्थानीय युवाहरूले तत्काल उनको उद्धार गरी उपचारका लागि जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा भर्ना गरिएकामा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# सुनसरी-सिरहा घटनाका मृतकलाई क्षतिपूर्ति र घाइतेको उपचार सरकारले गर्ने

काठमाडौं, २० साउन (रासस) ।

सरकारले सुनसरी र सिरहामा हालै भएका प्रदर्शनका क्रममा ज्यान गुमाएका तथा घाइते भएकाहरूलाई क्षतिपूर्ति, राहत र उपचारको व्यवस्था गर्ने निर्णय गरेको छ ।

मन्त्रिपरिषद्को बुधबारको बैठकले उक्त निर्णय गरेको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले राससलाई जानकारी दिनुभयो । बैठकले विश्वविद्यालय अनुदान आयोगको रिक्त अध्यक्षमा प्रा डा खड्गबहादुर केसी (पर्वत) र सचिवमा प्राध्यापक डा रोजी श्रेष्ठ (भोजपुर)लाई नियुक्त गर्ने निर्णय गरेको छ ।

त्यसैगरी, बैठकले तथ्याङ्क (पहिलो संशोधन) नियमावली,

*बाँकी अन्तिम पृष्ठमा*

# पेस्तोल र म्याग्जिनसहित तीन जना पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, २० साउन ।**

सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका ६ स्थित सलोखरी, दास टोलबाट तीन जनालाई पक्राउ गरिएको छ ।

फूलबारीबाट गाउँतर्फ आउँदै गरेको अवस्थामा प्रहरीले पेस्तोल र म्याग्जिनसहित सिरहाको लहान नगरपालिका २२ निवासी २१ वर्षीय सञ्जय दास, २० वर्षीय गुरुदेव दास र लक्ष्मीपुर पतारी गाउँपालिका-६ निवासी २० वर्षीय सारबजित दासलाई मंगलबार राती पक्राउ गरिएको हो ।

पक्राउ परेकाको थप



अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले बताए ।

# राजस्व चुहावट गरेको भन्दै पाँच जनाविरुद्ध आरोपपत्र दायर

काठमाडौं, २० साउन (रासस) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गढवा गाउँपालिका दाङका तत्कालीन अध्यक्ष सहजराम अहिरसहित पाँच जनालाई राजस्व चुहावट गरी भ्रष्टाचार गरेको भन्दै मंगलबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको छ ।

आयोगले तत्कालीन अध्यक्ष अहिरसमेत पाँच जना र सगुन कन्स्ट्रक्सन एण्ड इञ्जिनियरिङ प्रालि बुटवल उपर राजस्व चुहावट गरी भ्रष्टाचार गरेको भन्दै आरोपपत्र दायर गरेको हो ।

आयोगका प्रवक्ता सुरेश न्यौपानेले आव २०७६/७७ मा वडा नं १ र २ को विभिन्न स्थानमा नदीजन्य पदार्थको सङ्कलन तथा निकासीको बोलपत्र आह्वान गरेको र बोलपत्र भएपश्चात ठेकेदारसँग आपसी मोलमोलाई गरी सम्झौताविना कार्यालयबाट सहीछापसहितको नगदी रसिद जारी गरी अनियमित ढङ्गले ठूलो परिमाणको राजस्व रकम हिनामिना गरेको आरोपमा आरोपपत्र दायर गरिएको जानकारी दिनुभयो ।

आयोगले गढवा गाउँपालिका दाङका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लालबहादुर योगी, तत्कालीन राजस्व शाखा प्रमुख शम्भू चौधरी, सगुन कन्स्ट्रक्सन, बुटवल भनि सगुन कन्स्ट्रक्सन एण्ड इञ्जिनियरिङ प्रालि रूपन्देही, उक्त कम्पनीका प्रबन्ध निर्देशक सहदेव खड्का र प्रतिनिधि विकास पुन भन्ने विरास पुनमाथि आरोपपत्र दायर गरेको जनाएको छ ।

**विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं**

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमवारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्वन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं ।

विषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### शिक्षा-स्वास्थ्यमा सप्तरी किन पछाडी ?

शिक्षा र स्वास्थ्य कुनै पनि समाजको समृद्धिको आधारस्तम्भ हुन् । तर, कृषि, व्यापार र जनसंख्याको हिसाबले महत्वपूर्ण जिल्ला सप्तरी अझै पनि यी दुई क्षेत्रमा अपेक्षित प्रगति गर्न सकेको छैन । विद्यालयको शैक्षिक गुणस्तर, शिक्षक अभाव, विद्यार्थीको सिकाइ उपलब्धि, स्वास्थ्य संस्थामा दक्ष जनशक्तिको कमी तथा आधुनिक उपकरणको अभावजस्ता समस्या आज पनि जिल्लाको यथार्थ बनेका छन् । मधेश प्रदेशका साथै सप्तरीका सामुदायिक विद्यालयहरूमा गुणस्तरीय शिक्षाको चुनौती र स्वास्थ्य संस्थाहरूमा जनशक्तिको अभावबारे विभिन्न अध्ययन तथा समाचारहरूले पनि औंल्याएका छन् । सप्तरीमा धेरै विद्यालय भए पनि गुणस्तरीय शिक्षाको वातावरण सबै ठाउँमा समान छैन । शिक्षक दरबन्दीको अभाव, राजनीतिक हस्तक्षेप, कमजोर शैक्षिक व्यवस्थापन तथा विद्यार्थीको नियमित सिकाइमा कमीका कारण अपेक्षित नतिजा आउन सकेको छैन । ग्रामीण क्षेत्रका धेरै अभिभावक अझै पनि आफ्ना छोराछोरीलाई राम्रो शिक्षा दिलाउन जिल्ला बाहिर वा निजी विद्यालयतर्फ पठाउन बाध्य छन् ।

त्यस्तै स्वास्थ्य क्षेत्रको अवस्था पनि त्यत्तिकै चिन्ताजनक छ । आधारभूत स्वास्थ्य केन्द्रदेखि अस्पतालसम्म दक्ष चिकित्सक, नर्स, औषधि र आवश्यक उपकरणको अभाव देखिन्छ । सामान्य उपचारका लागि समेत बिरामीहरूलाई विराटनगर वा काठमाडौं जानुपर्ने बाध्यता छ । कतिपय स्थानीय स्वास्थ्य संस्थाहरू जनशक्तिको अभावका कारण प्रभावकारी सेवा दिन नसकेको अवस्था सार्वजनिक भएको छ । यस अवस्थाको प्रमुख कारण दीर्घकालीन योजना कार्यान्वयनमा कमजोरी, पर्याप्त बजेटको अभाव, राजनीतिक प्राथमिकताको कमी, दक्ष जनशक्तिको पलायन तथा प्रभावकारी अनुगमन नहुनु हो ।

स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबीच समन्वय कमजोर हुँदा शिक्षा र स्वास्थ्य सुधारका कार्यक्रम अपेक्षित रूपमा सफल हुन सकेका छैनन् । तसर्थ सप्तरीलाई शिक्षा र स्वास्थ्यमा अगाडि बढाउन गुणस्तरीय विद्यालय, दक्ष शिक्षक, आधुनिक स्वास्थ्य सेवा, विशेषज्ञ चिकित्सक, पर्याप्त बजेट र पारदर्शी व्यवस्थापनमा जोड दिन आवश्यक छ ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# 'हेलो सरकार'मा एक वर्षमा ३२१ प्रतिशतले बढे गुनासा, एकीकृत प्रणाली विकास गरिँदै

काठमाडौं, २० साउन (रासस) ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नागरिकका गुनासो सुनुवाईलाई छिटो, छरितो, पारदर्शी र प्रभावकारी बनाउन 'हेलो सरकार' लाई स्तरोन्नति गरी नागरिक गुनासो तथा एकीकृत सेवा व्यवस्थापन प्रणालीका रूपमा विस्तार गर्ने तयारी गरेको छ ।

त्यसका लागि विस्तृत अवधारणापत्र र कार्ययोजनाको मस्यौदा तयार गरी छलफलका लागि पेस गरिएको हेलो सरकार शाखाका उपसचिव कृष्ण सापकोटाले जानकारी दिनुभयो । "हेलो सरकारमा विभिन्न बहुच्यानल फोन, वेबसाइट, फेसबुक, ह्वाट्सएप, इन्स्टाग्राम, इमेललगायतका माध्यमबाट प्राप्त हुने गुनासोलाई एउटै पोर्टलमा व्यवस्थापन गर्ने गरी स्तरोन्नति गर्ने गरी प्रस्ताव गरिएको छ", सापकोटाले राससँग भन्नुभयो ।

गुनासोकर्ताले सोझै सम्बन्धित कार्यालयमा हेलो सरकार प्रणालीमा गुनासो दर्ता गरी आवश्यक कारबाहीको जानकारी लिन सक्नेछन् । यस्तै, सम्बन्धित कार्यालयमा गुनासो दर्ता गर्न नचाहेमा हेलो सरकारको स्वचालित प्रणालीमार्फत सम्बन्धित निकायमा पठाउन सकिनेछ । प्रगति अनुगमन गर्ने तथा सेवाग्राहीलाई जानकारी दिने प्रक्रिया एउटै प्लेटफर्मबाट सञ्चालन गर्ने गरी तयारी भइरहेको उहाँको भनाइ छ ।

उहाँका अनुसार सरकारी कल सेन्टरलाई अन्तरआबद्ध गर्ने अवधारणा पनि अघि सारिएको छ । जसअनुसार निःशुल्क टेलिफोन नम्बर ११११ मा आएको गुनासोको विषयअनुसार सम्बन्धित मन्त्रालय वा निकायको कल सेन्टरमा सिधै पठाउने व्यवस्था गरिनेछ ।

"सम्बन्धित निकायबाट सेवा उपलब्ध नभएमा गुनासोका लागि गरिएको कल पुनः हेलो सरकारमा फर्कने व्यवस्था प्रस्ताव गरिएको छ । यसबाट नागरिकले एउटै विषयमा पटक-पटक विभिन्न कार्यालय गुनासो र सुझावका लागि धाउनुपर्ने अवस्था अन्त्य हुने अपेक्षा गरिएको छ," उहाँले भन्नुभयो ।

योजनामा सेवाग्राहीले यसअघि गरेका गुनासोको विवरण, त्यसको व्यवस्थालगायत अभिलेख पनि प्रणालीमा देखिने व्यवस्था प्रस्ताव गरिएको छ । एउटै व्यक्तिले एउटै विषयमा पटक-पटक गुनासो दर्ता गरेमा त्यसलाई एउटै गुनासोका रूपमा व्यवस्थापन गर्ने व्यवस्था पनि गरिने भएको छ ।

उहाँका अनुसार हालै 'नागरिक गुनासो तथा एकीकृत सेवा व्यवस्थापन दिग्दर्शन' तयार पारिएको छ । उक्त दिग्दर्शनले सङ्घ, प्रदेश, स्थानीय तहसम्म गुनासो व्यवस्थापन प्रणालीलाई एकीकृत गर्ने व्यवस्था प्रस्ताव गरेको छ ।

साथै गुनासो सुनुवाइका लागि समयसीमा निर्धारण गर्दै अत्यावश्यक गुनासो २४ घण्टाभित्र, अति जरुरी तीन दिनभित्र, जरुरी सात दिनभित्र र सामान्य गुनासो १५ दिनभित्र सम्बोधन गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

त्यति मात्रै होइन, गुनासो समाधान भइसकेपछि गुनासोकर्तालाई प्रणालीमार्फत समाधान भएको विषयको जानकारी गुनासोकर्ता कहाँ पुग्ने र समस्या समाधान भएको हो वा होइन भन्ने विषयमा गुनासोकर्ताबाट पृष्ठपोषण लिएर मात्रै गुनासो फछ्र्यौट हुने व्यवस्था गरिएको छ ।

हेलो सरकारका अनुसार यी सुधार विषय कार्यान्वयनमा आएपछि हेलो सरकारलाई नागरिक गुनासोमात्र दर्ता केन्द्रमा सीमित राखिने छैन । नागरिकका गुनासो व्यवस्थापनका सबै चरणमा प्रभावकारी रूपमा कार्य गर्ने, राष्ट्रिय समस्याको विद्यमान स्थितिको यथार्थ अवस्था झल्काउने, सरकारलाई नीति निर्माणको आधार र पृष्ठपोषण दिने एवम् सुशासन र शासकीय सुधारको दिशानिर्देशको गर्ने माध्यमका रूपमा हेलो सरकार बन्नेछ ।

**एक वर्षमा ३२१ प्रतिशतले बढे गुनासा**

हेलो सरकारमा गत आर्थिक वर्ष २०८२/८३ मा अघिल्लो आवको तुलनामा ३२१ प्रतिशतले गुनासो बढेका छन् । कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा १६ हजार ५६८ गुनासा प्राप्त भएकामा आव २०८२/८३ मा बढेर ६९ हजार ७२४ पुगेका छन् । अर्थात् गत आवमा मात्रै ५३ हजार १५६ गुनासा थपिएका छन् ।

उपसचिव सापकोटाका अनुसार वर्तमान सरकार गठन भएपछि उल्लेख्य रूपमा गुनासो बढेको उल्लेख गर्दै यो सरकारप्रतिको विश्वास र भरोसा भएको उल्लेख गर्नुभयो । सरकारप्रति अपेक्षा भएकै कारणले गुनासा बढेको उहाँको भनाइ छ ।

पछिल्ला पाँच आर्थिक वर्षको तथ्याङ्क हेर्दा हेलो सरकारमा एक लाख २४ हजार ५८१ गुनासा दर्ता भएका छन् । तीमध्ये २०८२/८३ मा मात्रै ६९ हजार ७२४ गुनासा प्राप्त भएका छन् । जुन पाँच वर्षको कुल गुनासाको करिब ५६ प्रतिशतले बढी हो । आव २०७८/७९ देखि २०८१/८२ सम्म चार वटा आर्थिक वर्षमा कुल ५४ हजार ८५७ गुनासा प्राप्त भएका थिए भने गत आवमा मात्रै ६९ हजार ७२४ वटा गुनासा प्राप्त भएका छन् ।

**तीन महिनामा ५० हजारभन्दा बढी गुनासा**

हेलो सरकारमा पछिल्ला करिब तीन महिनामा ५० हजारभन्दा बढी गुनासा दर्ता भएका छन् । कार्यालयका अनुसार उक्त अवधिमा कुल ५० हजार ७२१ गुनासा प्राप्त भएकामा ३९ हजार १७७ गुनासाको समाधान गरिएको छ ।

हेलो सरकारका उपसचिव सापकोटाका अनुसार तीन महिनामा प्राप्त गुनासामध्ये १८ हजार ५४२ गुनासा फछ्र्यौट गरिएको छ भने ५४७ गुनासा नहेरिएको अवस्थामा छन् ।

त्यस्तै, एक हजार ६४२ गुनासा हेरिएका, एक हजार ३२७ प्रक्रियामा रहेका, छ हजार ५६ पूर्ण तोकिएका/नहेरिएका तथा दुई हजार ४४६ गुनासा अपूर्ण, असम्बन्धित वा नतोकिएका रहेका छन् । यस्तै, हेलो सरकारको टोल-फ्री सेवामार्फत ५० हजार १९६ वटा फोन कल प्राप्त भएकामा ४० हजार १६ वटा कलको सम्बोधन गरिएको जनाइएको छ ।

कार्यालयका अनुसार चालु आर्थिक वर्षमा साउनको १ देखि १८ गतेसम्म मात्रै नौ हजार ६१० वटा गुनासा प्राप्त भएका छन् । जसमध्ये छ हजार ६०१ वटा गुनासा फछ्र्यौट भएका छन् । हेलो सरकारले सार्वजनिक गरेको विवरणमा सामाजिक सञ्जाल, भाइबर, ह्वाट्सएप, इमेललगायत माध्यमबाट प्राप्त गुनासाको सङ्ख्या भने यसमा समावेश नगरिएको उल्लेख गरेको छ ।

# इन्टरनेट सेवा प्रदायकका बक्यौता विवाद टुङ्ग्याउने प्रयासमा सरकार

काठमाडौं, २० साउन (रासस) ।
सरकारले इन्टरनेट सेवा प्रदायक (आइएसपी) कम्पनीहरूको दूरसञ्चार सेवा शुल्क, सलामी दस्तुर तथा ग्रामीण दूरसञ्चार विकास कोष (आरटिडीएफ)बापतको बक्यौता असुली प्रयास थालेको छ ।

बक्यौता रकम, कर निर्धारण र अनुमतिपत्र नवीकरणसँग सम्बन्धित लामो समयदेखिको विवाद समाधान गर्ने उद्देश्यले सूचना तथा सञ्चार मन्त्रालयले सरोकार भएकासँग छलफल प्रारम्भ गर्दै प्रक्रियागत कार्य थालेको हो ।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले बुधबार इन्टरनेट सेवा प्रदायक सङ्घ नेपाल (आइस्पान)का पदाधिकारीसँग छलफल गर्दै कानुनबमोजिम तिर्नुपर्ने कर तथा शुल्क जसरी पनि राज्यकोषमा दाखिला हुनुपर्नेमा जोड दिनुभयो ।

"यदि विद्यमान कानुनविपरीत इन्टरनेट सेवा प्रदायकलाई अन्याय हुने गरी कर वा शुल्क निर्धारण भएको रहेछ भने सरकारले त्यसको पुनरावलोकन गर्न सक्छ। तर कानुनले तिर्नुपर्ने रकम सधैं अल्झाएर राख्न सकिँदैन। जायज समस्या भए सरकारले सम्बोधन गर्छ, होइन भने बक्यौता असुली प्रक्रिया अघि बढ्छ," उहाँले भन्नुभयो।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले सरकारले चालु आर्थिक वर्षलाई दूरसञ्चार क्षेत्र सुधारको वर्षका रूपमा अघि बढाइरहेको उल्लेख गर्दै वर्षौंदेखि समाधान हुन नसकेका नीतिगत तथा प्रशासनिक समस्या टुङ्ग्याइने बताउनुभयो । उहाँले सेवा प्रदायक कम्पनीहरूले भोगिरहेका समस्या, सरकारबाट अपेक्षा गरिएका विषय तथा सुधार गर्नुपर्ने पक्षलाई स्पष्ट रूपमा लिखित सुझावका रूपमा पेस गर्न आइस्पानसँग आग्रह गर्नुभयो ।

नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले बक्यौता नतिरेसम्म इन्टरनेट सेवा प्रदायक कम्पनीहरूको अनुमतिपत्र नवीकरण गर्न नसकिने बताउँदै आएको छ । छलफलमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले कानुनबमोजिम तिर्नैपर्ने रकम नतिरी सेवा सञ्चालन तथा अनुमतिपत्र नवीकरणको अपेक्षा गर्न नहुने बताउनुभयो ।

नेपालमा इन्टरनेट तथा दूरसञ्चार सेवा प्रदायक कम्पनीको सङ्ख्या धेरै भएकाले प्रभावकारी नियमन तथा अनुगमनमा चुनौती देखिएको उल्लेख गर्दै मन्त्री तिमिल्सिनाले ती संस्थालाई गाभ्ने (मर्जर) वा प्राप्ति (एक्विजिसन) प्रक्रियामा लैजान सकिने धारणा राख्नुभयो । धेरै सङ्ख्यामा कमजोर कम्पनी सञ्चालन हुनुभन्दा सीमित सङ्ख्यामा सक्षम र वित्तीय रूपमा सबल सेवा प्रदायक हुनु उपभोक्ता र नियामक दुवैका लागि लाभदायक हुने उहाँले बताउनुभयो ।

आइस्पानले सेवा प्रदायक कम्पनी आर्थिक रूपमा गम्भीर दबाबमा रहेको र एकैपटक पाँच वर्षसम्मको बक्यौता तिर्न सम्भव नभएको जनाउँदै किस्ताबन्दीमा भुक्तानीको व्यवस्थाका लागि आग्रह गरेको छ । सङ्घले विशेषगरी सलामी दस्तुर र ग्रामीण दूरसञ्चार विकास कोषबापतको बक्यौता किस्ताबन्दीमा बुझाउने सुविधा पाउनुपर्नेमा जोड दिएको हो ।

आइस्पानका अनुसार नेपाल दूरसञ्चार प्राधिकरणले बक्यौता नतिर्ने कम्पनीहरूको इजाजतपत्र नवीकरण नगर्ने निर्णय गरेपछि अधिकांश सेवा प्रदायक थप समस्यामा परेका छन् । इजाजतपत्र नवीकरण रोकिँदा सेवा विस्तार, बैंकिङ कारोबार तथा व्यवसाय सञ्चालनमा असर परेको छ ।

सङ्घले दूरसञ्चार सेवा शुल्क (टिएससी) निर्धारणको विषयमा पुनरावलोकन आवश्यक रहेको र ठूला करदाता कार्यालयले गरेको कर निर्धारण पुनः निर्धारण (रिअसेसमेन्ट) गर्ने अवसर उपलब्ध गराउनुपर्ने माग पनि दोहोर्याएको छ। सेवा प्रदायकहरूले आफूहरूले ग्राहकबाट असुल नै नगरेको रकममा समेत कर तिर्नुपर्ने अवस्था सिर्जना भएको गुनासो गरेका थिए ।

हाल अधिकांश इन्टरनेट सेवा प्रदायकले आन्तरिक राजस्व कार्यालयलाई तिर्नुपर्ने करबाहेक सूचना तथा सञ्चार मन्त्रालयलाई बुझाउनुपर्ने कुल आम्दानीको चार प्रतिशत सलामी दस्तुर तथा नेपाल दूरसञ्चार प्राधिकरणमार्फत ग्रामीण दूरसञ्चार विकास कोषमा बुझाउनुपर्ने कुल आम्दानीको दुई प्रतिशत रकमसमेत तिर्न बाँकी रहेको छ । प्रचलित कानुनअनुसार लेखापरीक्षण गरिएको वित्तीय विवरणका आधारमा यी रकम थप दस्तुरसहित सम्बन्धित निकायमा दाखिला गर्न दूरसञ्चार प्राधिकरणले पटकपटक परिपत्र

*बाँकी तीन पृष्ठमा*

# नवजात शिशु र गर्भवतीका लागि निःशुल्क सिकलसेल स्क्रिनिङ सेवा

काठमाडौँ, २० साउन (रासस) ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सिकलसेल तथा थालसेमियाको परीक्षण, उपचार र व्यवस्थापनका लागि नवजात शिशु र गर्भवती महिलाका लागि निःशुल्क स्क्रिनिङ सेवा सञ्चालनमा ल्याएको छ ।

मन्त्रालयले सिकलसेल तथा थालसेमियाका विपन्न बिरामीलाई उपचारका लागि अधिकतम रु एक लाख आर्थिक सहायता तथा स्वास्थ्य बिमामार्फत थप रु एक लाखसम्मको सुविधा उपलब्ध गराएको छ । यस्तै कान्ति बाल अस्पताल र भेरी अस्पतालमा बजेट विनियोजन गरिएको छ ।

प्रतिनिधिसभाको चालु अधिवेशनका विभिन्न बैठक र समयमा सांसदले राख्नुभएका स्वास्थ्यसम्बन्धी प्रश्नको जवाफ दिँदै स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले विशेषगरी पश्चिम तराईका थारु समुदायमा सिकल सेल एनिमिया गम्भीर जनस्वास्थ्य समस्याका रूपमा रहेकाले रोकथाम, पहिचान र उपचारका लागि सरकारले विभिन्न अस्पतालमा निःशुल्क परीक्षण, उपचार र औषधि उपलब्ध गराउँदै आएको जानकारी दिनुभयो ।

भेरी अस्पताल, सेती प्रादेशिक अस्पताल, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा बर्दिया जिल्ला अस्पताललाई सिकल सेल उपचार केन्द्रका रूपमा सञ्चालन गरिएको उहाँले स्पष्ट पार्नुभयो । मन्त्री मेहताले स्वास्थ्य सेवा विभागले सिकल सेल तथा थालसेमिया व्यवस्थापनसम्बन्धी राष्ट्रिय निर्देशिका लागू गरेको र नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को समन्वयमा सिकल सेल रजिस्ट्री निर्माणको कार्य अघि बढिरहेको बताउनुभयो ।

उहाँले लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा उपचार तथा व्यवस्थापनका लागि बजेट हस्तान्तरण भई कार्यान्वयनमा रहेको र प्रभावित जिल्लामा जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि कार्यक्रमसमेत सञ्चालन भइरहेको बत्▪ ाउनुभयो ।

मन्त्री मेहताले ट्रमा सेन्टर र सघन उपचारसम्बन्धी विषयप्रति सरकार गम्भीर रहेको र मधेसको लहान, बागमतीको कमलामाई, गण्डकीको देवचुली, लुम्बिनीको बर्दघाट र सुदूरपश्चिमको लम्कीचुहामा ट्रमा सेन्टर स्थापना स्वीकृत भइसकेको जानकारी दिनुभयो ।

स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड, २०७७ अनुसार ५० वा सोभन्दा बढी शय्या भएका अस्पतालमा कम्तीमा ५ प्रतिशत आइसिसी बेड अनिवार्य गरिएको मन्त्री मेहताले बताउनुभयो ।

सेवालाई प्रभावकारी बनाउन भेन्टिलेटर, २४सै घण्टा नर्सिङ सेवा, विशेषज्ञ चिकित्सक र आवश्यक निगरानी प्रणालीको व्यवस्था सुनिश्चित गरिँदै आएको बताउँदै उहाँले विपन्न नागरिकको सघन उपचारमा पहुँच बढाउन बिरामीको चाप बढी भएका सङ्घीय अस्पतालमा थप आइसियु बेड विस्तार गर्ने प्रक्रिया अघि बढाइने बताउनुभयो ।

**डाइलासिस सेवा**

मन्त्री मेहताले विपन्न नागरिक औषधि उपचार कार्यक्रमअन्तर्गत हेमोडायालाइसिस सेवाका लागि हालसम्म सूचीकृत १२३ वटा अस्पतालबाट नियमित हेमोडायालाइसिस सेवा प्रवाह भइरहेको जानकारी दिनुभयो ।

डाइलासिस सेवा लिने बिरामीले नजिकको सूचीकृत स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्ने गरी बिरामीको चापको आधारमा थप डाइलासिस मेसिन उपलब्ध गराउने र थप स्वास्थ्य संस्था सूचीकृत गर्ने कार्य अगाडि बढ्ने उहाँले जानकारी दिनुभयो ।

जलनसम्बन्धी घटनाबाट आफ्ना नागरिकले भोग्नुपरेको पीडा र यसको उपचारका लागि विदेशिनुपर्ने बाध्यताप्रति सरकार गम्भीर र संवेदनशील रहेको बताउँदै मन्त्री मेहताले उपचारभन्दा रोकथाम उत्तम भन्ने सिद्धान्त र स्वास्थ्य क्षेत्रमा लगानी नै मानव पुँजी निर्माण हो भन्ने तर्कसँग सरकार पूर्णतः सहमत रहेको बताउनुभयो ।

"सरकारले जलन उपचार सेवालाई थप विस्तार गर्ने नीति लिएको छ । यसअन्तर्गत सङ्घीय विशिष्टीकृत अस्पतालमा नयाँ बर्न युनिटको स्थापना गर्ने, वीर अस्पताल र कीर्तिपुर अस्पतालको जलन सघन उपचार क्षमतालाई सुदृढ तुल्याउने तथा प्लास्टिक र रिकन्स्ट्रक्टिभ सर्जरी सेवालाई सरकारी अस्पतालमा संस्थागत रूपमै विस्तार गर्ने कार्यलाई बजेट विनियोजनमा उच्च प्राथमिकतामा राखेका छौँ ।"

सातै प्रदेशमा अत्याधुनिक बर्न युनिट, बर्न आइसियु र पुनःस्थापना केन्द्र स्थापना गर्ने मागलाई गम्भीरतापूर्वक लिइएको उहाँले बताउनुभयो । मन्त्री मेहताले राष्ट्रिय मानसिक स्वास्थ्य रणनीति तथा कार्ययोजनामार्फत मानसिक स्वास्थ्य सेवालाई प्राथमिक स्वास्थ्य प्रणालीमा एकीकृत गरिएको जानकारी गराउनुभयो ।

सरकारले नीति तथा कार्यक्रममार्फत राष्ट्रिय मानसिक स्वास्थ्य नीति तर्जुमा गरी स्थानीय तहका स्वास्थ्य संस्थाबाट समेत आधारभूत मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने लक्ष्य लिइएको उहाँले स्पष्ट पार्नुभयो ।

# धनुषामा सम्बन्ध विच्छेदका घटना बढ्दो

जनकपुरधाम, २० साउन (रासस) ।

धनुषा जिल्लामा पछिल्लो समय सम्बन्धविच्छेदका घटना बढ्दै गएको छ ।

जिल्ला अदालतको पछिल्लो तथ्याङ्कले सामाजिक संरचना, बसाइँसराइ, आधुनिक जीवनशैली, आर्थिक अवस्थाका कारण सम्बन्धविच्छेदको घटना बढेको देखाएको हो ।

अदालतका सूचना अधिकारी हेमकुमार महतोका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सम्बन्धविच्छेदसम्बन्धी ३३३ वटा मुद्दा दर्ता भएका थिए । अघिल्लो आर्थिक वर्षबाट सरेर आएका १६७ समेत अदालतमा सम्बन्धविच्छेदका ५०० मुद्दा अदालतमा थिए । त्यसमध्ये २८१ मुद्दामा फैसला भइसकेको छ भने २१९ मुद्दा विचाराधीन रहेको सूचना अधिकारी महतोले बताउनुभयो ।

अघिल्लो आव २०८१/८२ मा सम्बन्धविच्छेदका ३१५ नयाँ मुद्दा दर्ता भएका थिए । त्यस वर्ष ३४७ मुद्दामा फैसला भएको थियो । एक सय ६७ मुद्दा चालु आर्थिक वर्षमा सरेका थिए । सम्बन्धविच्छेदसम्बन्धी मुद्दा लगातार बढ्दो दर्ता सङ्ख्याले धनुषामा वैवाहिक सम्बन्धमा तनावको प्रवृत्ति बढ्दै गएको देखाएको छ ।

शिक्षामा चेतनासगै महिलाको आर्थिक तथा सामाजिक अवस्थामा सुधार, वैदेशिक रोजगारीका कारण लामो समयसम्म पति-पत्नी बेग्लै रहनुपर्ने परिस्थिति, सामाजिक सञ्जालको बढ्दो प्रयोग, पारिवारिक विवाद तथा घरेलु हिंसाका घटनाले वैवाहिक सम्बन्ध अन्त्यका घटना बढिरहेको कानुन व्यवसाय राजकुमार महासेठले बताउनुभयो ।

उहाँका अनुसार गरिबी, बेरोजगारी, वैदेशिक रोजगारीबाट ल्याएको परिवर्तन, एक्लै बस्न रुचाउने जीवनशैली तथा व्यक्तिगत स्वतन्त्रताको बढ्दो चेतनाले दाम्पत्य सम्बन्धलाई नयाँ चुनौती दिइरहेको छ ।

पछिल्लो समय महिला वा

*बाँकी अन्तिम पृष्ठमा*

***इन्टरनेट सेवा ...***

गरे पनि सेवा प्रदायकले अटेर गर्दै आएका छन् ।

महालेखापरीक्षकको कार्यालयले पनि आफ्नो वार्षिक प्रतिवेदनमार्फत सेवा प्रदायक कम्पनीबाट उठ्न बाँकी सलामी दस्तुर, ग्रामीण दूरसञ्चार विकास कोष तथा अन्य शुल्कलाई बेरुजुका रूपमा औँल्याउँदै उक्त रकम असुल गर्नुपर्नेमा जोड दिँदै आएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी [illegible] तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय राजविराज
सप्तरी

मिति :-२०८३/०४/२०

विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ९ मुनर लाल मंडरको नाममा कायम रहेका साविक प्रगन्ना जगदर मौजे सखडाको सा.कि.नं. १०७५ को ज.वि. ०-२-१५ र ऐ.ऐ. .कि.नं. १०७६ को ज.वि. ०-२-१ जग्गा ७ नं. फाटवारीमा दुखि दास गोसाइको नाममा जि.स. पं. सखडा सा.कि.नं. १०७५ को ज.वि. ०-२-१५ र ऐ.ऐ. .कि.नं. १०७६ को ज.वि. ०-२-१ समेत ज.बि.०-४-१६ कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा मध्ये सुब लाल दासले दुखि मलाह गोसाईबाट र.नं.५८७ मिति २०३५/०३/०४ को लिखतबाट खरिद गरेकोमा सो मध्ये इदरिस मियाँले सुब लाल दासबाट घरसारको कागजबाट ऐ.ऐ. सा.कि.नं. १०७५ को ज.वि. ०-२-१५ मध्ये पश्चिम तर्फबाट ज.वि.०-१-५ र ऐ.ऐ. .कि.नं. १०७६ को ज.वि. ०-२-१ मध्ये पश्चिम तर्फबाट ज.वि.०-१-३ समेत ज.वि.०-२-८ जग्गा खरिद गरि लिएकोमा उक्त जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. लालापट्टी वार्ड नं.२ हाल छिन्नमस्ता गा.पा. वडा नं. ४ बस्ने जदु नन्दन यादबको नाती सुब लाल यादबको छोरा राम अवतार यादब-१ र ऐ. गा.वि.स. सखडा वार्ड नं.२ हाल छिन्नमस्ता गा.पा. वडा नं. ३ बस्ने रहिम मियाँको नाती मनित मियाँको छोरा इदरिस मियाँ-१ समेत २ ले यस कार्यालयमा द.नं. १६०७२ मिति २०८२/१०/०८ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/०४/२० मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स . | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ९ | मुनर लाल मंडर | सखडा | २ख | १८९ | १-५-१० मध्ये दक्षिण पश्चिम तर्फबाट ०-४-१६ | राम अवतार यादव इदरिस मियाँ | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, विरह महलमा पोखरी महाड र कैफियत महलमा १ नं. ना. गो.का.प.स. १६,१७ मिति २०२८/५/९ को आदेशानुसार पानीको भाग ऐलानी भएको पोखरीको महार जनिएको। |

## विश्व समाचार

### युक्रेनमा रूसी आक्रमण १५ जनाको मृत्यु, दर्जनौँ घाइते

किएभ, २० साउन (रासस/एएफपी) ।

युक्रेनमा भएको पछिल्लो घातक रूसी मिसाइल र ड्रोन आक्रमणका कारण कम्तीमा १५ जनाको मृत्यु हुनुका साथै दर्जनौँ घाइते भएको अधिकारीहरूले बताएका छन् । रुसले आक्रमणमा चार वर्षभन्दा बढी ब्यालेस्टिक मिसाइलहरूको प्रयोग बढाएपछि पछिल्लो समयमा किएभले सहयोगीहरूलाई थप अमेरिकामा निर्मित प्याट्रियट इन्टरसेप्टरहरू आपूर्ति गर्न आग्रह गरेको जनाइएको छ युक्रेनी वायुसेनाले सम्भावित ब्यालेस्टिक मिसाइलहरूको चेतावनी जारी गरेपछि किएभमा विस्फोट भएको एएफपीले जनाएको छ । विस्फोटपछि घण्टौँसम्म यस क्षेत्रको हावामा कालो धुवाँको मुस्लो दखिएको रिपोर्ट गरिएको छ किएभको सैन्य प्रशासनले मिसाइल र ड्रोनका वर्षाहरू आवासीय भवन र धेरै गोदामहरूमा खसेको बताएको छ । रूसले जानाजानी नागरिक तथा नागरिक पूर्वाधारमा आक्रमण गरिरहेको सैन्य प्रशासनले टेलिग्राममार्फत जनाएको छ सैन्य प्रशासनले चार जिल्लामा आगलागी भएपछि राजधानी किएभमा एक महिलाको मृत्यु हुनुका साथै कम्तीमा २४ जना घाइते भएको जनाएको छ । किएभ क्षेत्रमा भएको आक्रमणमा १४ जनाको मृत्यु भएको क्षेत्रीय अधिकारीहरूले बताएका छन् भने किएभको वरपरका क्षेत्रहरूमा २० जनाभन्दा बढी घाइते भएको उल्लेख गरिएको छ। किएभ क्षेत्रले फेरि सबैभन्दा दुःखद् शत्रु आक्रमणको अनुभव गरेको क्षेत्रीय सैन्य प्रशासनका प्रमुख तिमुर टाकाचेन्कोले टेलिग्राममार्फत जनाउनुभएको छ ।

यसअघि शनिबार किएभ र यसको उपनगरहरूमा भएको रूसी आक्रमणहरूले १० जनाको मृत्यु हुनुका साथै ३० जनाभन्दा बढी घाइते भएको र युक्रेनी ड्रोनहरूले कृष्ण सागरमा विशाल रूसी कन्टेनर जहाज डुबाएको रिपोर्ट गरिएको थियो । पछिल्लो समयमा युक्रेनले रूसका तेल तथा ग्यास सुविधाहरूलगायत नागरिक पूर्वाधारहरूमा आक्रमणहरू तीव्र पार्दै गर्दा रूसी ड्रोन आक्रमणहरू पनि बढ्दै गएको जनाइएको छ । मस्को क्षेत्रमा भएको आक्रमणमा पाँच जनाको मृत्यु हुनुका साथै अन्य १० जना घाइते भएको जनाइएको छ । मस्कोका मेयरले बुधबार देशको हवाई सुरक्षाले रूसी राजधानीतर्फ गइरहेका कम्तीमा १० वटा ड्रोनलाई रोकी र नष्ट गरेको बताउनुभयो । मस्कोको दक्षिणमा रहेको तुला क्षेत्रका गभर्नरले रूसी रक्षा सेनाले रातभर १०७ वटा युक्रेनी ड्रोनहरू नष्ट गरेको बताउनुभयो । उहाँले आक्रमणमा दुई अपार्टमेन्ट भवनहरू क्षतिग्रस्त भएको र यस क्षेत्रमा ड्रोन खसेर आगलागी भएको बताउनुभयो ।

यसैबीच, युक्रेनले खेरसन सहरमा ड्रोनद्वारा एक व्यक्तिलाई पछ्याइ-पछ्याइ आक्रमण गरेको भिडियोमा आक्रोश व्यक्त गर्दै यसलाई नागरिकहरूलाई लक्षित गरी जानाजानी 'शिकार' गरेको आरोप लगाएको छ । संयुक्त राष्ट्रसङ्घका मानव अधिकार पर्यवेक्षकहरूले सन् २०२२ फेब्रुअरीमा रूसले गरेको आक्रमणपछि नागरिक हताहतको बढ्दो सङ्ख्या उच्चस्तरमा पुगेकोमा चिन्ता व्यक्त गरेका छन् । युक्रेनका राष्ट्रपति भालोदिमर जेलेन्स्कीले ब्यालेस्टिक मिसाइल इन्टरसेप्टरको अभावले मानव जीवन नष्ट गर्ने त्यस्ता आक्रमणहरू गर्न रूसलाई प्रोत्साहन मिलेको बताउनुभएको छ। उहाँले गत मङ्गलबार आफ्ना अमेरिकी समकक्षी डोनाल्ड ट्रम्पसँगको भेटमा आंशिक रूपमा घरेलु रूपमा प्याट्रियट संरक्षण गर्ने हतियार उत्पादन गर्ने इजाजतपत्रका लागि वासिङ्टनसामु अनुरोध गरेको बताउनुभएको थियो । रूसले शनिबारको आक्रमणले सैन्य-औद्योगिक जटिल उद्योगलगायतका केन्द्रहरूमा प्रहार गरेको बताएको छ ।

### रूस र युक्रेनमा बालबालिकामाथि हुने आक्रमण अन्त्य गर्न युनिसेफको आह्वान

जेनेभा, २० साउन (रासस/क्युएनए) ।

संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) ले रूस र युक्रेनमा बालबालिका, नागरिक तथा पूर्वाधारमाथि आक्रमण गर्न अन्त्य गर्न आह्वान गरेको छ । युनिसेफले यिनीहरुको संरक्षण गरी अन्तर्राष्ट्रिय मानवीय कानूनअन्तर्गत आफ्ना दायित्व पालन गर्नसमेत सबै सम्बन्धित पक्षलाई आह्वान गरेको छ । युनिसेफले विज्ञप्ति जारी गर्दै रूसको फेडरेसनको बेलगोरोड क्षेत्रस्थित खेल मैदान नजिकै आइतबार ड्रोन प्रहार हुँदा १३ वर्षीया बालिकाको मृत्यु हुनुका साथै दुई बालिका घाइते भएको रिपोर्ट गरेको छ । मङ्गलबार क्रास्नोडार क्षेत्रमा भएको आक्रमणमा मृत्यु भएका सातमध्ये तीन जना बालबालिका रहेको बताइएको छ। उक्त आक्रमणमा करिब ४० जना घाइते भएका छन् । युक्रेनमा, पछिल्लो सात दिनमा भएको रूसी आक्रमणमा कम्तीमा छ बालबालिकाको मृत्यु भएको विज्ञप्तिमा उल्लेख गरिएको छ । युनिसेफले बालबालिकाहरूले बस्ने र खेल्ने क्षेत्रहरु सुरक्षित हुनुपर्ने विषयमा जोड दिँदै सबै पक्षलाई अन्तर्राष्ट्रिय मानवीय कानूनअन्तर्गत आ-आफ्ना दायित्वहरू कायम राख्न र बालबालिकाहरूलाई मर्न बाध्य बनाउने र घाइते बनाउने आक्रमणहरू रोक्न आह्वान गरेको छ । युक्रेनले पछिल्लो समयमा रूसी क्षेत्रभित्रका विभिन्न लक्ष्यहरूमा लामो दूरीको आक्रमणलाई तीव्र बनाएको जनाइएको छ भने रूसले युक्रेनी सहरहरूमा मिसाइल तथा ड्रोन आक्रमणहरू जारी राखेको छ ।

### रासायनिक कारखानमा आगलागी हुदाँ एह हजारभन्दा बढी विस्थापित

कुनमिङ (चीन), २० साउन (रासस/सिन्ह्वा) ।

दक्षिणपश्चिम चीनको युनान प्रान्तको राजधानी कुनमिङमा अवस्थित एक रासायनिक कारखानामा लागेको आगलागीका कारण यस क्षेत्रको वरपरको हावामा हानिकारक धुवाँ फैलिएपछि यस क्षेत्रबाट एक हजार २०० भन्दा बढी बासिन्दालाई खाली गरिएको स्थानीय अधिकारीहरूले बुधबार बताएका छन् । जिल्ला प्रशासनले जारी गरेको प्रेस विज्ञप्ति अनुसार जिनिङ जिल्लाको युनान हाओमिङ फाइन फस्फोरस केमिकल कम्पनीमा पहेँलो फस्फोरस लोड गर्दा आगलागी भएको हो । हाल आगलागी नियन्त्रणमा आइसकेको तथा कुनै पनि हताहत नभएको रिपोर्ट गरिएको जनाइएको छ । आगलागीका कारण फस्फोरस जल्दा हानिकारक धुवाँ उत्पन्न भएकाले स्थानीय हावाको गुणस्तरलाई बिगारी धुवाँको सम्पर्कमा आउँदा आँखा, नाक र श्वासप्रश्वासमा समस्या आएको जनाइएको छ । हाललाई कम्पनीले उत्पादन र सञ्चालन स्थगित गरेको जनाइएको छ भने अधिकारीहरूले वातावरणीय अनुगमन र मूल्याङ्कन जारी राखेको र आगलागीको कारण अनुसन्धान भइरहेको जनाइएको छ ।

# खैरो हेरोइन र ट्रामाडोलसहित पाँच जना पक्राउ

काठमाडौँ, २० साउन (रासस)।

नियमित गस्तीमा रहेको प्रहरी टोलीले सिन्धुलीको कमलामाई नगरपालिका-९ भीमानबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ र ट्रामाडोलसहित पाँच जनालाई पक्राउ गरेको छ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार महोत्तरीबाट काठमाडौतर्फ आउँदै गरेको मधेस प्रदेश ०५-००१ ज ००८६ नम्बरको हायसमा सवार सिराहा मिर्चैया नगरपालिका-५ का २० वर्षीय सन्देश यादवको साथबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ ४५ ग्राम १९० मिलिग्राम बरामद भएको छ।

उक्त लागूऔषध कारोबारमा संलग्न रहेको आरोपमा बा.प्र.०२-०४६ प ४८५३ नम्बरको मोटरसाइकलमा सवार धनुषाको कमला नगरपालिका-७ का २० वर्षीय राहुलकुमार मण्डल र सिराहाको कल्याणपुर नगरपालिका-६ का २० वर्षीय अभिषेककुमार साहलाई पनि पक्राउ गरिएको छ।

त्यसैगरी, मोरङबाट काठमाडौतर्फ आउँदै गरेको बा.प्र.०१-००६ ख ३७१२ नम्बरको हायसमा सवार सुनसरीको धरान उपमहानगरपालिका-६ का ३० वर्षीय विकास दाहाल र इटहरी उपमहानगरपालिका-१७ का २४ वर्षीय सागर कार्कीलाई पक्राउ गरिएको छ। उनीहरूका साथबाट खैरो हेरोइनजस्तो देखिने पदार्थ ८२० मिलिग्राम तथा नियन्त्रित लागूऔषध ट्रामाडोल एक हजार ४३० ट्याब्लेट बरामद भएको छ।

# हातहतियार मुद्दामा ८४ जना पक्राउ, ६७ थान हतियार बरामद

काठमाडौँ, २० साउन (रासस)।

गत वैशाख १ गतेदेखि असार मसान्तसम्म देशभर सञ्चालन गरेको विशेष अभियानमा अवैध हातहतियारसम्बन्धी मुद्दामा संलग्न ८४ जनालाई पक्राउ परेका छन्।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौँ उपत्यकाबाट आठ, कोशी प्रदेशबाट १४, मधेस प्रदेशबाट ११, बागमती प्रदेशबाट पाँच, गण्डकी प्रदेशबाट १८, लुम्बिनी प्रदेशबाट १३, कर्णाली प्रदेशबाट १० र सुदूरपश्चिम प्रदेशबाट पाँच जना पक्राउ परेका हुन्। उनीहरूबाट चाइनिज पेस्तोल दुई थान, पेस्तोल दुई थान, रिभल्भर एक थान, कटुवा पेस्तोल नौ थान, भरुवा बन्दुक ४१ थान, बन्दुक नौ थान र एयरगन तीन थान बरामद भएको छ।

त्यसैगरी, चाइनिज पेस्तोलका चार राउन्ड, एसएलआरका २६३ राउन्ड, कटुवा पेस्तोलका १४ राउन्ड तथा विभिन्न प्रकारका बन्दुकमा प्रयोग हुने ७० राउन्ड गोलीसमेत बरामद भएको छ।

गैरकानुनी हातहतियारको कारोबार तथा प्रयोगमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याई अपराध नियन्त्रण तथा अपराधमुक्त समाज निर्माणका लागि निरन्तर सक्रिय नेपाल प्रहरीले हातहतियार लुकाएर राखिएको जानकारी भएमा प्रहरीलाई सूचना दिन तथा त्यस्ता हतियार स्वेच्छाले बुझाउन पनि सर्वसाधारणसँग अनुरोध गरेको छ।

# 'एलपी ग्यासको आपूर्ति केही दिनमै सहज हुन्छ'

काठमाडौँ, २० साउन (रासस)।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बजारमा खाना पकाउने एलपी ग्यासको आपूर्ति केही दिनभित्रै सहज हुने जनाएको छ। मन्त्रालयले उपभोक्तालाई अफवाह वा भ्रमपूर्ण सूचनाको पछि नलागी आवश्यकताअनुसार मात्र ग्यास खरिद गर्न तथा अनावश्यक सञ्चय नगर्न आग्रह गरेको छ।

मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीद्वारा मङ्गलबार जारी विज्ञप्तिमा अघिल्ला वर्षको यही अवधिको तुलनामा हाल नियमित माग धान्न सक्ने परिमाणभन्दा बढी एलपी ग्यास आयात र वितरण भइरहेको उल्लेख गरिएको छ।

मन्त्रालयका अनुसार बढ्दो माग र आपूर्तिबीच सन्तुलन कायम गर्न सरोकारवाला निकायसँग आवश्यक समन्वय गरी आपूर्ति तथा वितरण व्यवस्थालाई थप प्रभावकारी बनाउने काम भइरहेको छ।

यस्तै, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगमनलाई तीव्र बनाएको छ। नेपाल आयल निगम र ग्यास उद्योगीसँगको समन्वयमा ग्यासको आयात, भण्डारण र वितरणलाई पारदर्शी तथा अनुमानयोग्य बनाउने सुधारका काम पनि सुरु गरिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयले वैकल्पिक सिलिन्डर नभएका सर्वसाधारण उपभोक्तालाई पहिचान गरी प्राथमिकताका आधारमा ग्यास उपलब्ध गराउन आग्रह गरेको छ।

त्यसैगरी, कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने, कानुनविपरीत कार्य गर्ने वा उपभोक्तालाई अनावश्यक दुःख दिने व्यक्ति वा संस्थामाथि प्रचलित कानुनबमोजिम कडा कारबाही गरिने मन्त्रालयले चेतावनी दिएको छ।

## चुनावी मिति ...

साधारणसभाको मिति सार्वजनिक गरिएसंगै आकांक्षीहरुले चुनावी रणनीति बनाउन थालेका छन्। नयाँ नेतृत्व कसलाई दिने भन्ने विषयमा व्यवसायीहरुबीच चर्चा र छलफल पनि तिब्र बनेको छ भने आकांक्षीहरुको सक्रियता पनि बढेको छ।

सप्तरीका १८ वटै पालिकाका गरी संघमा ६ हजार ३४ सदस्य छन्। जसमध्ये नविकरण गराएका सदस्यले मात्र मताधिकार पाउने व्यवस्था गरिएको संघले जनाएको छ।

## सुनसरी-सिरहा ...

२०८३ स्वीकृत गर्ने निर्णय गरेको छ। नेपाल इन्टरमोडेल यातायात विकास समिति गठन आदेश, २०५४ खारेज गर्ने र नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवाहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभ्ने निर्णय भएको छ।

यसैगरी, पशुवधशाला र मासु जाँच ऐन, २०५५ चरणबद्ध रूपमा देशभर लागू गर्ने, बालबालिकासम्बन्धी ( पहिलो संशोधन) विधेयक, २०८३ सङ्घीय संसद्समक्ष पेस गर्ने निर्णय भएको छ।

# अनुसन्धान विभागलाई प्रधानमन्त्री कार्यालय मातहत राख्न आवश्यक : कानुनमन्त्री

काठमाडौँ, २० साउन (रासस)।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालय मातहतको सट्टा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राख्नु उचित हुने बताउनुभएको छ।

प्रतिनिधिसभाअन्तर्गत राज्य व्यवस्था तथा सुशासन समितिको मंगलबारको बैठकमा 'नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक, २०८३'जि▪ माथिको सैद्धान्तिक र दफाबार छलफलका क्रममा सांसदहरूले राखेको जिज्ञाशामा मन्त्री गौतमले उक्त धारणा व्यक्त गर्नुभएको हो। साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयकमा उक्त विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राख्ने व्यवस्था गरिएको छ।

गृह मन्त्रालय मातहत नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमार्फत नियमित शान्ति सुरक्षा, अपराध अनुसन्धान र आन्तरिक सुरक्षाका क्षेत्रमा कामको जिम्मेवारी दिइएकामा गुप्तचरको कार्य गर्ने विभागको काम विशिष्टीकृत र उपल्लोस्तरको रहेको उहाँले तर्क गर्नुभयो।

समितिका सभापति हरि ढकालको अध्यक्षतामा भएको बैठकमा सदस्यहरूले सो विभाग व्यावसायिक कार्यदक्षताका दृष्टिमा कमजोर भएकाले नयाँ ढङ्गबाट पुनः गठन गर्न कानुनी प्रबन्ध हुनुपर्नेमा जोड दिनुभएको थियो।

**समितिबाट विधेयक पारित**

समितिको मंगलबारको बैठकले विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत हुने गरी विधेयकलाई पारित गरेको छ। प्रतिपक्षी दलहरू नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सांसदहरूले विभागलाई गृह मन्त्रालय मातहत राख्नुपर्ने धारणा राख्दै संशोधन राखिएकामा बैठकको बहुमतले विधेयक पारित गरेको हो। अब पारित प्रतिवेदन संसद्मा प्रस्तुत हुनेछ।

प्रतिनिधिसभामा गत असार १५ गते दर्ता भएको सो विधेयकमाथि गणेशकुमार विश्वकर्मा, युवराज दुलाल र सुशीला खड्काले संशोधन राख्नुभएको थियो।

## धनुषामा सम्बन्ध ...

पुरुष दुवैले आफूलाई अन्याय भएको महसुस गरेमा कानुनी बाटो रोज्ने प्रवृत्ति बढेको उहाँको भनाइ छ। बढिरहेको सम्बन्धविच्छेदले समाजमा एकातिर व्यक्तिगत अधिकारप्रति देखिएको जागरूकता तथा अर्कोतर्फ पारिवारिक सम्बन्धमा संवाद र सहिष्णुताको कमी हुँदै गएको सङ्केत पनि गरेको छ।

कानुन व्यवसायी दीपककुमार विश्वकर्माका अनुसार सम्बन्धविच्छेदसम्बन्धी मुद्दा बढेसँगै अदालतमा पारिवारिक विवाद समाधानका लागि मध्यस्थताको आवश्यकता पनि बढ्दै गएको छ। समयमै परामर्श, मनोवैज्ञानिक सहयोग, वैवाहिक शिक्षा र पारिवारिक संवादलाई प्रोत्साहन गर्न सके बढिरहेको सम्बन्धविच्छेदका घटनालाई केही हदसम्म न्यूनीकरण गर्न सकिने छ।

---

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी,सधिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भूमि प्रशासन कार्यालय, राजबिराज**
**सप्तरी**
**टिप्पणी र आदेश**

मिति :-२०८३/०४/१४

विषय:- ३५ दिने हकदावी सम्वन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालमा नापी भएको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. २२ सितल बातरको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे तिलेबना सा.कि.नं.१३४ को ज.वि. १-१७-१६ र ऐ.ऐ.सा.कि.नं.१३५ को ज.वि. ०-१८-१५ समेत ज.वि.२-१६-११ जगा मध्ये २-१०-१५ समेत जग्गा मिती २०११।०२।११ र मिती २०११।९।९ गतेमा पारीत लेखत बमोजिम राधा कृष्ण दासले खरीद गरी लिएको जग्गा २०२८ सालमा नाप नक्सा भई जिल्ला सप्तरी गा.वि.स.परसबनी बार्ड नं.५क कि.नं. १३४ को ज.वि. १-१७-१२ र गा.वि.स.परसनी बार्ड नं.५ख कि.नं. १३५ को ज.वि. १-१७-१७ नदीमा नापी भएको जग्गा हाल नदी उकास भै भोग चलन गर्दै आएको नदी उकास छुट जग्गा दर्ताको कार्यवाही भै जिल्ला सप्तरी गा.वि.स. कि.नं. १३४ को ज.वि. १-१७-१२ मध्ये १- १२-० र गा.वि.स.परसनी बार्ड नं.५ख कि.नं. १३५ को ज.बि. १-१७-१७ मध्ये ०-१८-१५ राजविराज न.पा. वडा नं. १ हाल वाड नं.७ बस्ने सोनाइ दासको नाती राधकृष्ण दासका छोरा बदी प्रसाद दासले यस कार्यालयमा द.नं. १६१३० मिति २०८२/१०/०९ गतेमा माग निवेदन परेकोले उक्त नदी उकास जग्गा निवेदक बाहेक अन्य कुनै व्यक्ति विशेप वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा मिती २०८३।०४।१४को आदेश बमोजिम यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

| साविक कि.नं. | साविक दर्तावाल गा.वि.स. | वार्ड नं. | हालकोकि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| १३४ | परसबनी | ५क | ३० | १-१२-० | राधाकृष्ण दासको छोरा बद्री प्रसाद दास | योजग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा नेपाल सरकार जनिएको |
| १३५ | परसबनी | ५ख | ५५ | ०-१८-१५ | | |

---

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी,सधिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भूमि प्रशासन कार्यालय, राजबिराज**
**सप्तरी**
**टिप्पणी र आदेश**

मिति :-२०८३/०४/१४

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालमा नापी भएको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं.९१ पवन दास पटवारीको नाममा कायम रहेका साविक प्रगन्ना मालझमुना मौजे कोलुवा सा.कि.नं.४६१ को ज.वि. ०-१८-१५ घरसारमा बण्डा भै पवन दास पटवारीमा ०-९-७.५ जग्गा परी सर्वे हुदा २०२८ सालमा नाप नक्सा भई जिल्ला सप्तरी गा.वि.स.बनरझुला वार्ड नं.३ कि.नं. २५३ को ज.वि. ०-४-१०.५ ऐ.ऐ.कि.नं. २५४ को ज.वि. ०-१-१२ ऐ.ऐ.कि.नं. २५५ को ज.वि. ०-१-१३ ऐ.ऐ.कि.नं.२५७ को ज.वि. ०-१-१७ समेत जग्गा फिल्ड बुक खाली रहेको पवन पटवारी मिति२०३५ साल भन्दा अगावै मृत्यु भै हकखाने एकमात्र पत्नी गोरकी देवी थरुनी समेत मृत्यु भै हकखाने ३ छोरा रहेकव्मा जेठा होवाइ चौधरी ,माहिला मरुक लाल चौधरी र कान्छा काशीलाल चौधरी भएकोमा जेठा होवाइ चौधरी मिती २०६१।।०२।५ मा मृत्यु भै निजको हकखाने जेडा छोरा नन्दी लाल चौधरी र कान्छा अर्जि लाल चौधरी भएकोमाा जेठा नन्दीलालको मिती २०३९।८।७ मा मृत्यु भै अर्जिलाल चौधरीको पनी २०७५ सालमाा मत्ये भै एकमात्र पत्नी श्री मति मंगली थरुनी रहेको ,मरुकलाल चौधरीको पनी २०७४।८।१२ मा मृत्यु भै हकखाने एकमात्र पत्नी भोला देवी थरुनी मिती २०३५ साल भन्दा अगावै मृत्यु भै निजहरु निशन्तान रहेको कान्छो काशीलाल चौधरी २०७३।८।२ मा मृत्यु भै हकखाने पत्नी समेत मृत्यु भै दुइ छोराहरु जिल्ला सप्तरी गा.वि.स. बनुझुला वाड नं.४ हाल खडक नगरपालिका ३ बस्ने मंगल चौधरी र निर कुमार चौधरी चकवती थारु समेत चार जनारहेको हुदा निजहरुले यस कार्यालयमा द.नं. १५६६० मिति २०८२/१०/०७ गतेमा माग निवेदन परेकोले उक्त नदी उकास जग्गा निवेदक बाहेक अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्वन्धमा मिती २०८३।०४।१४को आदेश बमोजिम यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

| साविक कि.नं. | साविक दर्तावाल गा.वि.स. | वार्ड नं. | हालकोकि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४६१ | बनरझुला | ३ | २५३ | ०-४-१०.५ | प्वन पटवारी को नाती मंगल चौधरी समेत | योजग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, |
| | | ३ | २५४ | ०-१-१२ | | |
| | | ३ | २५५ | ०-१-१३ | | |
| | | ३ | २५७ | ०-१-१७ | | |

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*